

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १६ गते बिहीबार ❑ 30 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'पर्यटनमार्फत गण्डकीमा समृद्ध हासिल गर्छौं'

**पोखरापत्र संवाददाता**
पोखरा १५ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पर्यटनमार्फत प्रदेशले समृद्धि हासिल गर्ने बताउनुभएको छ ।

बागलुङमा बुधबार आयोजित चैत्राष्टमी मेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री अधिकारीले यहाँ धेरै पर्यटकीय तथा धार्मिकस्थल रहेको हुँदा त्यसको विकास गरी समृद्धि हासिल गरिनेछ भन्नुभयो । मुख्यमन्त्री अधिकारीले गण्डकीमा धेरै खोलानाला, तालतलैया र खानीहरू रहेको बताउँदै खनिज पदार्थको सही रूपमा उत्खन्न गरी रोजगार सिर्जना गर्ने र प्रदेशको गतिलो आयस्रोतको माध्यम बन्ने बताउनुभयो । मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "गण्डकीमा धेरै सम्भावना छन्, यहाँ भएका स्रोत र साधनको सही प्रयोग भएका छैनन्, अब गण्डकी प्रदेश सरकार यसको प्रवर्द्धनमा लाग्छ, रोजगारी सिर्जना गर्छ ।" उहाँले उत्तरगङ्गा जलाशययुक्त हाइड्रोपावर निर्माण गर्ने बताउनुभयो । यसले गण्डकी मात्रै नभइ सिङ्गो देशलाई उज्यालो बनाउने उहाँको भनाइ थियो । यसैगरी भगवती मन्दिरमा



बुधबारबिहानैदेखि दर्शनार्थीको भीड लागेको छ । चैत्र शुक्ल अष्टमी अर्थात् चैतेदशैंको अवसरमा यहाँ भक्तजनको घुइँचो लागेको हो ।

नवरात्र सुरु भएदेखि नै यहाँ दर्शनार्थीको चाप बढ्दै गएको थियो । चैतेदशैंको मुख्य दिन बिहानैदेखि मन्दिर परिसरमा दर्शनार्थी पुजाका लागि लाइनमा लागेका कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो । चैतेदशैंमा राँगो, बोका र कुखुराको बलि दिने चलन छ ।

चैतेदशैंका अवसरमा छिमेकी मुलुक भारतसहित, मुलुकका विभिन्न क्षेत्रबाट पाँच लाख बढी दर्शनार्थी यहाँ आउने समितिले जनाएको छ । मन्दिरमा सुरक्षाका लागि प्रहरी परिचालन गरिएको छ । गुठी व्यवस्थापन समितिले चैत्राष्टमी मेलाको समेत आयोजना गरेको छ । मेला १७ गतेसम्म चल्नेछ । चैतेदशैंका अवसरमा कालिका मन्दिर परिसरमा नेपालकै प्राचीन 'चैते दशैं मेला' लाग्ने गरेको छ । पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाकी राजकुमारी विवाह गरेर ल्याउँदा दाइजो दिएको कालिका मूर्ति घना जङ्गलको बीचमा बिसाएर उठाउन खोज्दा नसकेपछि सोही ठाउँमा स्थापित गरी पूजा गर्ने चलन बसेको मन्दिरको अभिलेखमा उल्लेख छ । कालिका भगवती मन्दिर विसं १५९१ मा स्थापना गरिएको हो ।

## सरकारको पूर्णतासँगै विकास र समृद्धिको अभियान अघि बढ्छ : महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले वर्तमान सरकारले पूर्णता पाएसँगै देशमा तीव्र विकास र समृद्धिको अभियान अघि बढ्ने बताउनुभएको छ ।

प्रगतिशिल चिकित्सक सङ्घ नेपाल गण्डकी प्रदेश समितिको प्रथम अधिवेशनको बुधबार पोखरामा उद्घाटन गर्दै उहाँले एक/दुई दिनमै सरकार विस्तार भएर पूर्णता पाएसँगै विकासलाई अघि बढाइने बताउनुभयो । महासचिव गुरुङले स्वास्थ्य, शिक्षा, रोजगार, आवासजस्ता जनताका मौलिक हक अधिकार पूरा गर्नुपर्ने दायित्व राज्यको भएको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "मौलिक हकको कार्यान्वयनका लागि मुद्दामा समानता हुने दलहरुसँग सहमति र सहकार्यका साथ अघि बढ्ने गरी मोर्चाबन्दी गरेका छौं । वर्तमान सरकारले पूर्णता पाएसँगै जनताको विकासको चाहना पूरा गर्ने गरी सरकारले काम गर्छ ।" महासचिव गुरुङले सहमति र सहकार्यको मोडलमा जानुपर्दछ भन्ने देशभक्त र राष्ट्रवादी शक्तिहरुको कार्यनीति रहेपनि साम्राज्यवादीले राष्ट्रिय सहमति हुन नदिने गरेको बताउनुभयो ।

"देशभक्त र राष्ट्रवादीको कार्यनीति सहमति र सहकार्य रहेको छ तर साम्राज्यवादी राष्ट्रिय सहमति हुन नदिने र एक दलले अर्को दललाई विस्थापित गर्ने नीतिका साथ अघि बढेका छन्, सत्ता पक्ष र विपक्षमा लैजान खोजिएको छ", गुरुङले भन्नुभयो ।

माओवादी केन्द्रले राष्ट्रिय राजनीतिमा सहकार्यको नीति लिएको र मतभेद भए पनि सहमति भएको कुरा लागू गर्ने र मतभेद भएको थाति राख्ने गरी अघि बढेको उहाँले उल्लेख गर्नुभयो । महासचिव गुरुङले स्वास्थ्यको हक जनताको मौलिक हक रहेकाले निःशुल्क स्वास्थ्य उपचार सेवाको विस्तारका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले काम गर्नुपर्ने बताउनुभयो । नेकपा (माओवादी केन्द्र) का स्थायी समिति सदस्य यशोशदा सुवेदी, पार्टी केन्द्रीय सदस्य एवं स्वास्थ्य विभागका फ्याक्सन इन्चार्ज कल्पना धमला, माओवादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघका केन्द्रीय अध्यक्ष वामदेव अर्याल, प्रगतिशील चिकित्सक सङ्घका केन्द्रीय अध्यक्ष डा कृष्णसागर शर्मा, केन्द्रीय सदस्य एवं स्वास्थ्य तथा जनसङ्ख्या विभागका सदस्य डा गुणराज लोहनी, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति प्राडा वुद्धिबहादुर थापा लगायतले चिकित्सकको हक अधिकारसहित गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो । यसैबीच प्रगतिशील चिकित्सक सङ्घ नेपाल गण्डकी प्रदेश समितिको प्रथम अधिवेशनले डा दीनेशकुमार विकको अध्यक्षतामा १५ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा डा रामहरि दाहाल, सचिव डा सरोज दाहाल र कोषाध्यक्षमा डा अमुल्य सोती चयन हुनुभयो । यसैगरी सदस्यमा डा बिपिन सुवेदी, डा पुरन विक, डा सुभाष भुर्तेल, डा शिव विक, डा सुदन अधिकारी र डा दृश्य विश्वकर्मा रहनुभएको छ । पाँच सदस्य पछि थप गरिने प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष शिव केसीले जानकारी दिनुभयो । बन्दसत्रमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति प्राडा थापाले नयाँ कार्य समितिको प्यानल प्रस्तुत गर्नुभएको थियो ।

## अम्बर गुरुङ राष्ट्रिय संगीत पुरस्कार खरेललाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

अम्बर गुरुङ राष्ट्रिय सङ्गीत पुस्कार गीतकार किरण खरेललाई अर्पण गरिने भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति अम्बर गुरुङको स्मृति एवं सम्मानमा यो पुरस्कार स्थापना भएको हो ।

पोखरेली युवा सांस्कृतिक परिवारद्वारा स्थापित उक्त पुरस्कार पहिलोपटक खरेललाई प्रदान गर्न लागिएको हो । नेपाली गीत सङ्गीतका धरोहर, नेपाली राष्ट्रगानका सङ्गीतकार, अम्बर गुरुङ राष्ट्रिय सङ्गीत कोषको स्थापना गरिएको छ ।

य ह ी कोषबाट नेपाली साङ्गीतिक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कार समर्पण गर्ने प्रावधानअनुसार परिवारले योजना बनाएको संस्थाका अध्यक्ष उपेन्द्र पौडेलले बताउनुभयो । संस्थाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "नेपाली सङ्गीतको विकासमा उत्प्रेरणात्मक योगदान पुगोस् भन्ने अभिप्रायले स्थापित अम्बर गुरुङ राष्ट्रिय सङ्गीत पुरस्कार संस्थाद्वारा पहिलोपटक नेपाली गीतलेखनको क्षेत्रमा छ दशकभन्दा बढी समयदेखि अनवरतरुपले साधनारत ज्येष्ठ गीतकार खरेललाई समर्पण गरिने जानकारी गराउँदछौं ।"

अध्यक्ष पौडेलका अनुसार गुरुङ राष्ट्रिय पुरस्कारको राशि रु दुई लाख नगद र सम्मानपत्र हुनेछ । पुरस्कार प्रत्येक दुई वर्षमा समर्पण गरिनेछ । पुरस्कार वितरण समारोह आगामी वैशाख १६ गते पोखरामा गरिने भएको छ । "करिब पाँच दशकदेखि नेपाली साहित्य, सङ्गीत र कला क्षेत्रमा क्रियाशील यस संस्थाद्वारा स्थापित महत्त्वपूर्ण पुरस्कारद्वारा नेपाली सङ्गीतकर्मी एवं सङ्गीतप्रेमी समस्त महानुभावहरूले खुसी र गर्वबोध गर्नेछन् भन्ने हामीले अपेक्षा गरेका छौं", विज्ञप्तिमा उल्लेख छ । विसं १९९५ मा काभ्रेको खरेल थोकमा जन्मनुभएका खरेल नेपाली गीत सङ्गीत क्षेत्रका सदावहार सर्जक हुनुहुन्छ ।

## अनुकूल मौसममा पनि देखिएनन् बेगनास तालमा पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा १५ चैत

यतिबेला पर्यटक आउने अनुकूल मौसम हो, तर लेखनाथको पर्यटकीय गन्तव्य बेगनास तालमा यसपटक फाट्टफुट्टा मात्र पर्यटक देखिएपछि डुङ्गा व्यवसायीका मुहारमा खुसी देखिएन ।

कोरोनाकै कारण तीन वर्षदेखि घटेका पर्यटक संख्या यस वर्ष पनि नबढेपछि बेगनासका डुङ्गा व्यवसायी चिन्तित मात्र हैन, उनीहरूको व्यवसाय नै धरापमा परेको छ । सार्वजनिक बिदाका दिन केही मात्रामा बेगनास पुग्ने गरेका आन्तरिक पर्यटकमध्ये ५० प्रतिशतले मात्र डुङ्गा चढेर ताल गुम्ने गरेका कारण व्यवसायीलाई थप निराश बनाउने गरेको बेगनास ताल डुङ्गा व्यवसायी समितिका अध्यक्ष रवीराज कँडेलले बताउनुभयो ।

"यतिबेला बिदाका दिन पनि प्रर्याप्त मात्रामा पर्ययक छैनन्, गत दशैं र तिहारमा केही मात्रामा बाहिरी जिल्लाका पर्यटक देखिएको भए पनि त्यसपछि पर्यटक देख्न पाइएको छैन", अध्यक्ष कँडेलले भन्नुभयो, "बेगनास तालमा भएका दुई सय ५४ डुङ्गामा अहिले प्रतिदिन १० मात्र चल्ने गरेका छन् ।"

उहाँका अनुसार आज चैते दशैं भएकै कारण केही पर्यटक बढ्छन् कि भनेर २५- ३० जना डुङ्गा व्यवसायी ताल किनारको डुङ्गा घाटमा आए तर आज बिहानदेखि एक बजेसम्म



जम्मा चार डुङ्गा मात्र चलेका छन् । माछाका परिकारका लागि बेगनास ताल वर्षौदेखि प्रसिद्ध मानिँदै आएको भए पनि त्यस्ता परिकार खान पोखरा तथा आसपासका क्षेत्रबाट बेगनास पुग्ने पर्यटक पनि विस्तारै घटेको अध्यक्ष कँडेलले उल्लेख गर्नुभयो ।

आर्थिक मन्दीका कारण माछा खाने पर्यटकको सङ्ख्या पनि घटेको अनुमान छ डुङ्गा व्यवसायी टीकाराम तिवारीको । "कोरोनाअघि नौका बिहार गर्न स्वदेशी तथा विदेशी पर्यटक खचाखच हुने बेगनासमा तीन वर्षदेखिपर्यटकखोज्नुपर्नेअवस्था आयो", तिवारीले भन्नुभयो, "अहिले ति दिन सम्झना मात्र रहने भए ।" कोरोनाका कारण कारण व्यवसाय नै नचलेपछि बेगनास तालका २५ प्रतिशत डुङ्गा व्यवसायी विस्थापित भएको र केही डुङ्गा व्यवसायी विदेश पलायन हुने क्रम बढिरहेको जानकारी तिवारीले दिनुभयो । पोखराका नौ तालमध्ये बेगनास ताल क्षेत्रफलको रुपमा दोस्रो ठूलो ताल मानिन्छ । तीन सय ७३ हेक्टर क्षेत्रफलमा फैलिएको बेगनास तालमा डेढ सय डुङ्गा व्यवसायी र दुई सय ५४ डुङ्गा सञ्चालनमा रहेका छन् । वरिपरि बस्ती नभएकै कारण तालको पानी सफा भएकाले पोखराको लेकसाइडस्थित फेवा तालमा भन्दा बेगनासमा अन्तरिक एवं बाह्य पर्यटक आउन मन पराउने गरेको डुङ्गा व्यवसायी वसन्तराम कँडेलले बताउनुभयो । "पर्यटक कम भएकै कारण डुङ्गा व्यवसायीले आलोपालो गरेर डुङ्गा सञ्चालन गर्दै आएका छौं, हप्तामा एक दिन पनि पालो आउँदैन", डुङ्गा व्यवसायी अरुण अधिकारीले भन्नुभयो, "तीन वर्ष अघि डुङ्गा व्यवसायबाट प्राप्त पैसाले घर खर्च चल्थ्यो अहिले नुन-तेल किन्न पनि पैसा पुग्दैन ।" बेगनास तालमा एक घण्टा नौका बिहार गरेवापत व्यवसायीले रु सात सय र पाइडलबोटको रु एक हजार लिने गरिएको छ । डुङ्गाबाट ताल वरपरका जङ्गल, बेगनास तथा माझठाना गाउँ, अन्नपूर्ण

बाँकी अन्तिम पृष्ठमा ▶▶


## गठबन्धन सरकारले पाँच वर्षको कार्यकाल पूरा गर्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १५ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू नेतृत्वको गठबन्धन सरकारले पाँच वर्षे कार्यकाल पूरा गर्ने बताउनुभएको छ ।

काठमाडौं महानगरपालिकाको आयोजनामा आजदेखि यहाँ सुरु भएको न्यायिक समिति राष्ट्रिय सम्मेलनमा कामपाको प्रमुख बालेन्द्र साहले केन्द्र सरकार लामो समय टिकिरहे स्थानीय तहलाई काम गर्न सजिलो हुने भनेपछि प्रधानमन्त्री दाहालले उक्त जवाफ दिनुभएको हो । प्रधानमन्त्री दाहालले निर्वाचनपछि लगातार आफ्नै नेतृत्वमा सरकार अगाडि बढिरहेको भन्दै उहाँले पाँच वर्षसम्म सरकार अस्थिर नहुने प्रष्ट पार्नुभयो । प्रधानमन्त्री दाहालले संविधानले परिकल्पना गरेको समाजवादको आधार तयार पार्ने मुख्य जिम्मेवारी पनि स्थानीय तहको हो भन्दै संविधानको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# सामुदायिक वन अन्नपूर्णकोमा अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत



सामुदायिक वन उपभोक्ता महासंघ अन्नपूर्ण गाउँपालिकाको दोश्रो अधिवेशनले बाबुराम पौडेलको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति सर्वसम्वत चयन गरेको छ ।

पाँच बर्षे कार्यकाल रहेको सो समितिको उपाध्यक्षमा दुर्गाप्रसाद पौडेल,पूर्णकुमारी क्षेत्री, कोषाध्यक्षमा गिता पौडेल, सदस्यहरुमा दर्गादत्त दाहाल, शोभाखर अधिकारी, हरिमाया अधिकारी र सुभित्रा गुरुङ रहनु भएको छ । बाँकी सदस्य समितिको बैठकले मनोनित गर्ने छ । अधिवेशनले प्रदेश प्रतिनिधिमा लक्ष्मी दाहाल, लक्ष्मी सुवेदी, दिलमाया सुनारा, राधा अधिकारी, नारायणप्रसाद पौडेल, हरिबहादुर केसी, प्रमेवहादुर केसी, चेतभक्त लम्साल र जिता पौडेल, सुष्मा दाहाल, कविता विश्वकर्मा, चुडामणी पौडेल, अनन्तराज अधिकारी धनपति अधिकारीलाई जिल्ला अधिवेशन प्रतिनिधिमा निर्वाचित गरेको छ ।

अन्नपुर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले अधिवेशनको उद्घानट गर्दै प्राकृतिक श्रोतको व्यवस्थापनमा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुको विकल्प नरहेको बताउनुभयो । उपभोक्ताको कठोर मेहनतबाट उजाड वन हराभरा भएको स्मण गर्दै उहाँले वन पैदावारको निकासीमा देखिएका कानूनी अड्चन हटाएर प्राकृतिक श्रोतलाई समृद्धिको आधार बनाउनु पर्नेमा जोड दिनुभयो।वनलाईआयआर्जनको श्रोत बनाउन समुहसंग सहकार्य गर्न गाउँपालिका कठिवद्ध रहेको उल्लेख गर्दै अध्यक्ष केसीले भन्नुभयो, वनको संरक्षण, संवद्धनसंगै उपभोक्तालाई आयआर्जनसंग जोडने खालको स्थानीय वन ऐन निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरि बास्तोलाले महासंघमा मुलुकका २२ हजार चार सय ३३ समुह आवद्ध रहेको बताउँदै जन अन्तर्गत २९ लाख ७ हजार ८७१ घरधुरीले २२ लाख २७ हजार ६७० हेक्टर क्षेत्रफल ओगटेको जानकारी दिनुभयो ।

सर्वसुलभरुपमा वन पैदावार उपयोग र बिक्री वितरण गर्ने खालको निती निर्माण गरि हरित रोजगार सिर्जना गर्नुका साथै मानव बन्यजन्तुद्धन्द अन्त्यका लागि राज्य जिम्मेवार हुनुपर्नेमा उहाँको जोड थियो ।

गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारीले प्राकृतिक श्रोतमा स्थानीय वासिन्दाको पहुँच पुऱ्याउन अन्पूर्ण संरक्षण क्षेत्र (एक्याप) खारेज गर्नुपर्नेमा जोड दिनुभयो। महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले वन ऐन र विनियम र कार्ययोजनाको व्यवस्था अनुसार वनको संरक्षण, सम्वर्द्धन र उपयोग गर्न उपभोक्तालाई आग्रह गर्दै वनका हेराला उपभोक्तालाई दुःख नदिन सम्वन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

स्थानीय महासंघका अध्यक्ष अनन्त अधिकारीको अध्यक्षतमा भएको कार्यक्रममा महासँघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछाने, सवडिभिजन वन कार्यालयका थानेश्वर पौडेल, बाबुराम पौडेल, इन्द्रप्रसाद पौडेल लगायतले वनको महत्व र आवश्यकता माथि चर्चा गर्नुभएको थियो ।

# ११ औं आलु महोत्सवको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत



बिष्णु पादुका क्लब पोखरा २५ हेमजाको आयोजनामा हुन लागेको ११ औं राष्ट्रिय हेमजा आलु महोत्सव-२०७९ को तयारी तिव्र पारिएको छ । यही चैतको २६ गतेदेखि बैशाख ३ गतेसम्म सञ्चालन हुने महोत्सवको तयारी तिव्र पारिएको बुधबार मुल आयोजक समिति सल्लाहकार तथा उपसमिति सँग बसेको बैठकमा जनाइएको छ ।

महोत्सवलाई कृषकको महोत्सव बनाउन कृषि बिकास निर्देशनालय गण्डकी प्रदेश लगाएत कृषि ज्ञान केन्द्र तथा कृषि सञ्जाल सँग छलफल भई रहेको महासचिव बसन्त कुमार श्रेष्ठले बताउनुभयो । उहाँले कृषि महाशाखाको पहलमा कृषि विशेषज्ञ र कृषक बिच कृषि साभ्का सवाल आयोजना गरिने बताउनुभयो । महोत्सवको लागि विभिन्न कृषि निकाय सँग समन्वय भइरहेको र आलुको साथसाथै रैथाने बालिको प्रदर्शन गरिने छ । महोत्सवको आकर्षणको लागि निर्माण गरिने आलुको पहाडको लागि आलु संकलन भइरहेको कृषक परिचालन उपसमिति संयोजक जयराम तिमिल्सिनाले बताउनुभयो। उहाँले बुधबारसम्म ५० केजीको ५५० बोरा संकलन भइसकेको र अब ५० बोरा संकलन गर्न बाकी रहेको बताउनुभयो । आलुको साथै अन्य तरकारी बिक्री स्टल राख्नुपर्ने उहाँको भनाइ छ । हेमजामा आलुको उत्पादन घटेको भए पनि महोत्सवको लागि हेमजाका आलुले पुग्ने उल्लेख गर्नु भयो । बाहिरी आलु ल्याए महोत्सव गर्न लागिएको भन्ने हल्लाको पछि नलाग्न उहाँले सबैमा आग्रह गर्नुभयो ।

महोत्सवको समायावधि नजिक आइरहदाँ बुधबारसम्म स्टल निर्माणका काम भइरहेको तथा स्टल बुकिङ भइरहेको स्टल तथा रेष्टुरेन्ट उपसमिति संयोजक राजेन्द्र थापाले जानकारी दिनुभयो । उहाँका अनुसार केही कृषि तथा रेष्टुरेन्टका स्टल बुकिङ भइसकेको बताउनु भयो । बैठकमा मुल आयोजक समिति संयोजक सुबिन श्रेष्ठ, साँस्कृतिक उपसमिति संयोजक दान ब. थापा, प्रचारप्रसार उपसमिति संयोजक निराजन अधिकारी लगाएतले अहिलेसम्म भइरहेको गतिविधिको बारेमा जानकारी गराउनु भएको थियो । त्यस्तै जित ब. कार्की, भिम प्रसाद श्रेष्ठ निलकण्ठ पौडेल लगाएतले सुझाव दिनुभएको थियो ।

'सुन्दर ठाउँ हेमजा जाउँः आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने मुल नाराका साथ महोत्सव गर्न लागिएको हो । महोत्सवको आकर्षणहरुमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको ठुलो पहाड निर्माण, आलुका विभिन्न परिकार, विविध सांस्कृतिक कार्यक्रम, राष्ट्रिय स्तरको कृषि दोहोरी गीत प्रतियोगिता, कृषि झाँकी प्रतियोगिता, पप कन्सर्ट, हाँस्य कलाकारहरुका प्रस्तुति, जापानीय सुन्तला, च्याउ, कफी, चियाको बिक्री एवम् प्रदर्शनी, कृषि बीउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी लगायत रहेका छन् ।

# वडा ८ स्तरीय व्याडमिण्टनको उपाधि सुरेस र नारायणलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत



सुरेस तामाङ्ग र नारायण रानामगरको जोडीले पोखरा-८ वडास्तरिय व्याडमिण्टन प्रतियोगिताको उपाधी जितेका छन् ।

बुधबार खुल्लातर्फ भएको फाइनल खेलमा दिल सुनारी र श्याम थापाको जोडीमाथि २१-१६ र २१-१५ को सोझो सेटमा जित निकाल्दै सुरेस जोडीले यो प्रतियोगिताको उपाधी जितेको हो । देवन थापा र सूर्यबहादुर थापाको जोडीले तेश्रो स्थान प्राप्त गरे । पोखरा महानगरपालिका वडा नम्बर ८ को आयोजना तथा युनिक व्याडमिण्टन क्लवको संयोजनमा सिर्जनाचोकस्थित बराल सामुदायिक भवनको हलमा सम्पन्न प्रतियोगिता अन्तर्गत भेट्रान्सतर्फ सरोज श्रेष्ठ र सुनिल पौडेलको जोडी प्रथम हुन सफल भयो । प्रतिस्पर्धात्मक फाइनल खेलमा वडाध्यक्ष समेत रहेका रुद्रनाथ बराल र अशोक श्रेष्ठको जोडीलाई १४-२१, २१-१९ र २१-९ को सेटमा पराजित गर्दै यो जोडीले उपाधी रक्षा गरेको हो । फुर्वा छिरिङ गुरुङ र रबिन कुमार विश्वकर्माले तृतीय स्थानमा चित्त बुझाए । प्रतियोगितामा विजयी खेलाडीहरुले खेल समाग्री सहित ट्रफि मेडल प्रमाणपत्र पुरस्कार पाए । उनीहरुलाई प्रतिनिधी सभा सदस्य विद्या भट्टराईले एक समारोहका विच पुरस्कार प्रदान गरिन् । सो अवसरमा भट्टराईले खेलकुदले स्वस्थ्य समाज, स्वस्थ्य नागरिक उत्पादन गर्ने हुँदा मानव जिवनमा खेलकुदको महत्वपूर्ण पाटो रहेको औल्याइन् । तर सरकारले खेल क्षेत्रलाई कहिल्यै प्राथमिकतामा नराखेकोमा दुखेसो पोख्दै खेल क्षेत्रमा बजेट बढाउन आफुले पहल गर्ने बताइन् ।

समापन समारोहमा पोमनपा वडा ७ का वडाध्यक्ष राममोहन आचार्य, वडा ५ का वडाध्यक्ष विष्णु प्रसाद बराल, निवर्तमान अध्यक्ष डिवी नेपाली, वडा ८ का सदस्य गोविन्द बराल, निवर्तमान सदस्य किरण गौतम लगायतले प्रतियोगिताको महत्वबारे बोलेका थिए। आयोजक वडाका वडाध्यक्ष रुद्रनाथ बरालले यो प्रतियोगितालाई आगामी वर्षहरुमा थप परिस्कृत गर्दै निरन्तरता दिइने बताए । वडा सचिव सविता ढुङ्गानाले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

# विन्ध्यवासिनीमा भक्तजनको घुइँचो

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत



पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा चैते दसैं पर्वका अवसरमा बुधबार बिहानदेखि भक्तजनको घुइँचो लागेको छ ।

मन्दिर दर्शन र पूजाआजाका लागि श्रद्धालुभक्तजन बिहान ४ बजेदेखि लामबद्ध थिए । मन्दिरमा पूजाका लागि नेपालीका साथै भारतबाटसमेत भक्तजन सहभागी भएको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले जनाएको छ। मन्दिरमा लाइनमा बस्न नसक्नेहरुले बाहिरबाटै दर्शन तथा टीका ग्रहण गरिरहेका जानकारी दिँदै उक्त समितिका कोषाध्यक्ष इन्द्रप्रसाद अधिकारीले चैते दसैंको अवसर पारी टाढाटाढाबाट आएका भक्तजनले श्रद्धापूर्वक दर्शन गरिरहेको उल्लेख गर्नुभयो । पछिल्लो समय भारतीय भक्तजनको सङ्ख्या बढेको र उनीहरु विन्ध्यवासिनी मन्दिर दर्शन गरेर मुक्तिनाथसम्म पुग्ने गरेका छन् । अधिकारीका अनुसार बिहीबार रामनवमी दिन बिहान ८ देखि ११ बजेसम्म मर्यादा पुरुषोत्तम श्रीरामका बारेमा स्वामी डा यतिराज आचार्यबाट विशेष प्रवचन हुनेछ । विन्ध्यवासिनीसँगै तालबाराही, भद्रकाली, लामाचौरको अकला मन्दिरलगायत धार्मिकस्थलमा भक्तजनको बाक्लो उपस्थिति रहेको छ।

## अनुकूल...

हिमश्रृखला, कालिकाको ठूलाकोट, तथा बेगनासको सुन्दरी डाँडाको मनमोहक दृर्ष्यावलोकन गर्न सकिन्छ ।

बेगनास तालमा विसं २०३७ देखि डुङ्गा सञ्चालन हुँदै आएको भए पनि सङ्गठित रुपमा विसं २०५२ देखि सञ्चालन भएको हो । विसं २०५२ अघिसम्म गाउँगाउँमा सडक नखुल्दा यहाँको डुङ्गा व्यवसाय नौका बिहार मात्र नभई कास्कीका गाउँ बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरेडाँडा र लमजुङको पर्यटकीय पसगाउँवासीले डुङ्गामार्फत छोटो बाटोको रुपमा प्रयोग गर्दै आएका थिए ।

## गठबन्धन...

मर्म र भावनअनुरुप समाजवादको आधार तयार पार्नसमेत न्यायिक समितिको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । नागरिकको मनमा सरकार भन्ने वित्तिकै स्थानीय जनप्रतिनीधि र कर्मचारी अग्रपङ्तिमा आउने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नागरिकलाई अपनत्व बोध गराउनेगरी स्थानीय तह र जनप्रतिनिधिले काम गर्नुपर्ने सुझाव दिनुभयो । साथै प्रधानमन्त्री दाहालले संविधान र कानुनको व्यवस्था बमोजिम काम गर्न सबै स्थानीय तहलाई जनताका काम गर्न आग्रह गर्नुभयो । न्यायिक समितिमार्फत हुने न्याय निरुपणले सेवाग्राही आर्थिक भारबाट मुक्त हुने, सामाजिक एकता कायम हुने, झनझटमुक्त न्याय प्राप्त हुने हुँदा यसको थप व्यवस्थापको लागि केन्द्र सरकारले विशेष ध्यान दिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# प्रेसको जिम्मेवारी नभुलौं

नागरिक संस्था मध्येको जेठो संस्था नेपाल पत्रकार महासंघ ६८ वर्षमा प्रवेश गरेको छ। बीस २०१२ साल चैत १६ गते स्थापना दिवस र संस्थापक सभापति कृष्णप्रसाद भट्टराईलाई मान्न थालिएको छ। केहीले २००८ सालमा नेपाल पत्रकार संघ गठन भएको जिकिर गरेका छन । इतिहासकार गृष्म बहादुर देवकोटाको किताबमा र प्रकृति अधिकारीको शोधपत्रमा २००८ सालमा स्थापना भएको उल्लेख छ। नेपाली पत्रकार महासंघले २०१२ साल चैत्र १६ गतेलाई स्थापना दिवस मान्न थालेको प्रजातन्त्र पुनःस्थापना पछि हो । नेपालमा नागरिक अधिकारका लागि पत्रकारले संगठित तरिकाले आवाज उठाएको करिब सात दशक पुग्न लाग्दा पनि आधुनिक युगमा पनि नागरिक अधिकार र अभिब्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाउनु परेको छ । साशक विरुद्ध बोल्न नपाउने, मुख थुन्ने र जेल पठाउने काम रोकिएको छैन। स्थापनाकालमा उठाइएका नागरिक अधिकार, प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकासका मुद्दा कायमै छ।

कृष्णप्रसाद भट्टराईका अनुयायी, लोकतन्त्रको लागि स्थापना भएको पार्टीको नेतृत्वमा सत्ता संचालन हुँदा पनि अवस्थामा आमूल परिवर्तन आउन नसक्नु विडम्बना हो। सत्तासंग काङ्ग्रेसले आफ्ना मूल्य र मान्यता विर्सेको छ। पत्रकारिता स्वतन्त्र हुनुपर्छ, नागरिकको अधिकारका मुद्दा र पत्रकारको हकहितका मुद्दा सरकारमा को छ भनेर उठाउन थालिएको छ । पत्रकारको पेसागत संगठनको नेतृत्व दलका नेताले तोकिदिने तिनैलाई अनुमोदन गरिदिने चलन बढेर गएको छ।पत्रकारले कस्तो नीति बनाउने र त्यो नीति कार्यान्वयन गर्न कस्तो नेतृत्व भन्ने बहस हुनुपर्ने हो । सरकारमा जुन दलहरु छन तिनका भातृसंस्थाका मात्र पत्रकार महासंघको नेतृत्वमा छन।सत्ताको छायामा पत्रकार महासंघ पुगेको छ।नागरिकको अधिकार र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति लड्नुपर्नेमा सत्ता र साशकका गलत क्रियाकलापको विरोध गर्नेको विरुद्ध देखिने गरेको छ। अहिले पत्रकारिता कस्तो अवस्थामा छ ,चुनौतीको सामना कसरी गर्ने बारेमा चर्चा कम हुने गरेको छ।। पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ। नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकारहरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ। राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो । लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे ।

आन्दोलनमा पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले मुक्त कष्ठ प्रशंसा गर्ने गर्दछन।राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन । मौसमी बन्ने गरेका छन। नेपाली उखान खोलो तर्‍यो लौरो बिर्स्यो भने झैँ पत्रकारका समस्या बिर्सने गरेका छन् । मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन् । मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन । पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन् ।जब जब समस्या आउँछ तब पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम हुने गरेको छ। दुखको बेला साहस र राहत दिनुपर्नेमा आहात पार्ने काम हुने गरेको छ। जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न नसक्ने रमिते बनेको छ। राजनीतिक दल पनि थाहै नपाएको जस्तो नाटक गर्ने गर्दछन।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोर्‍याउनु परेको छ । राज्य र संचारगृह पत्रकारका हकहितेप्रति उदासीन रहेको प्रमाण एउटै मुद्धा उठाइरहनु हो। सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ । तर सिंहदरबारमा बस्नेको जस्तै व्यवहार गर्न थालेका छन् । आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ। पत्रकारलाई राज्यले संबोधन गर्र्ला आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ । नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ। पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार बन्नु आजको आवश्यकता हो। सत्ताको दास बनेर झर्ला र खाउँला भनेर बस्ने काम पत्रकार र पत्रकार महासंघको होइन। नागरिकको अधिकार सुरक्षित गर्ने, भयरहित वातावरण बनाउन सधैं खबरदारी गर्नुपर्छ । स्थापना दिवसको अवसरमा सबैलाई पत्रकार महासंघको इतिहास, अहिलेको जिम्मेवारी र नेपाली जनताले सधैं सम्झने नागरिक संस्था बनाउने प्रेरणा मिलोस सबैमा शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेकपा (एस) उपाध्यक्ष भुसालको नेतृत्वमा सरकारमा जाने

**राससः**
काठमाडौं, १५ चैत

नेकपा (एकीकृत समाजवादी) ले पार्टीका उपाध्यक्ष डा बेदुराम भुसालको नेतृत्वमा उपमहासचिव प्रकाश ज्वालालाई सरकारमा पठाउने भएको छ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा केन्द्रीय कार्यालयमा बुधबार बसेको सचिवालय बैठकले सो निर्णय गरेको हो। पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बैठकमा सरकारमा पार्टीको सहभागिताको सम्बन्धमा छलफल गरिएको र उपाध्यक्ष भुसालको नेतृत्वमा सरकारमा जाने निर्णय भएको जानकारी दिनुभयो । उहाँकानुसार पार्टीले तीन मन्त्रालयको दाबी गरेकालेअर्को मन्त्रालयका लागि पनि पहल गर्नेछ।

यसअघि पार्टीले सरकारमा पठाउने नेताको नाम छनोट गर्न गठित कार्यदलले सम्पूर्ण कार्य सम्पन्न गरेपछि अन्तिम प्रस्ताव सचिवालयको बैठकमा पेश गरिएको थियो । पार्टी अध्यक्ष नेपालले सरकारमा पार्टीको संलग्नताका विषयलाई लिएर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग बुधबार साँझ छलफल गर्ने जनाइएको छ।

# 'पीडितमैत्री कानुन चाहियो'

**पोखरापत्र संवाददाता**
बलेवा, १५ चैत

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा आयोजित छलफलमा पीडितले आफ्नो पक्षमा ऐन नआएको बताएका छन् । ऐनले मानव अधिकार उल्लङ्घन र गम्भीर मानवअधिकार उल्लङ्घन गरी दुई भाग बनाएको र राज्यबाट भएका घटना मात्रै गम्भीर उल्लङ्घनमा राखिँदा विद्रोही पक्ष वा अज्ञात समूहबाट भएको घटनाका पीडितले कानुनी उपचार पाउने बाटो बन्द भएको उनीहरूको गुनासो छ । "मेरो कति सम्पत्ति लुटियो, कति यातना पाएँ भन्ने मलाई मात्रै थाहा छ, मेरा साक्षी कति त मरिसके", पीडित हरि सुवेदीले भन्नुभयो, "मेरो पीडाबारे यो ऐन र विधेयकले केही पनि बोलेको छैन।" उहाँले न्याय पाउने आशा मरेको बताउनुभयो। अर्का पीडित सावित्री खड्काले विधेयक एक पक्षीय मात्र भएको बताउनुभयो। कार्यक्रममा अधिकांश पीडितले न्यायका लागि ऐन नबोलेको गुनासो गरेका थिए। राजनीतिक भागबन्डामा आयोगहरू बनाउने, सोही अनुसार कार्यकर्ता भर्ती गर्ने र मुद्दालाई लामो समयसम्म राख्ने काम मात्रै भएको भन्दै राजनीतिक नेतृत्वमा इच्छाशक्ति अभाव भएको पनि बताए । एड्भोकेसी फोरम नेपालकी संस्थापक मन्दिरा शर्माले राज्यबाट आउने विधेयकमै त्रुटि भएर आएको बताउनुभयो । सबैले अपनत्व गर्न सक्ने विधेयक नआएमा कानुन आउनु र नआउनुको भिन्नता नभएको भन्दै सबै पीडितले न्याय पाउनुपर्ने उहाँको भनाइ थियो। पीडितले न्याय पाउने, सके पीडितले नै क्षमादान गर्न सक्ने अवस्था हुनुपर्छ । राज्यले पीडितलाई नगद राहत मात्र नभई सान्त्वना दिन सक्ने कार्यक्रम ल्याएमा सशस्त्र द्वन्द्वका घाउहरू पुरिने उहाँको भनाइ थियो । कार्यक्रममा उच्च अदालत बागलुङका रजिष्ट्रार नेत्रप्रसाद भुसाल, जिल्ला अदालतका स्रेस्तेदार सूर्यप्रसाद भण्डारी, द्वन्द्व पीडित बद्रीबहादुर केसी, अर्की पीडित छमकुमारी बस्नेत, राजनीतिक दलका प्रतिनिधि समेतले बोल्नुभएको थियो । संसद्मा पेस भएको विधेयकमा आवश्यक सुझावसहित पठाएमा पीडितमैत्री बन्ने भएकाले छलफल गरिएको अधिवक्ता राम शर्माले बताउनुभयो।

# बसाइँसराइले रित्तिँदै जैमिनीका गाउँ

**पोखरापत्र संवाददाता**
बलेवा, १५ चैत

दुई वर्षअघि बस्तीमाथिबाट आएको पहिराले एउटै गाउँमा दुई जनाको ज्यान लियो । आठ घर पुरिए, दर्जन बढी घर जोखिममा परे। पहिराले आक्रान्त बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेराको टुनिबोट गाउँमा ४५ घरपरिवार थिए। बसाइँसराइले अहिले गाउँ नै रित्तिएको छ।

सोही वर्ष जैमिनी-९ पैञ्युथन्थापको पिप्लेगाउँका सबै उठ्ने गरी पहिरो खस्यो, सात घरपरिवार जोखिममा परे । मानवीय क्षति नभए पनि अधिकांश घरको उठिबास लाग्यो । पैञ्युथन्थापकै घ्युरमा आएको पहिराले गाउँले विस्थापित बने। जैमिनैकै दमेक, जैदी र बिनामारेमा पहिराले धेरै धनजनको क्षति भयो। तत्कालका लागि पहिराले पुर्‍याएको क्षतिको राहत त पीडितले पाए, तर बाढीपहिरो, बाँदर र विकास अभावले भइरहेको बसाइँसराइका दीर्घकालीन प्रभाव भने देखिन सुरु गरेको छ। प्राकृतिक प्रकोपका कारण भइरहेको बसाइँसराइको एउटा ज्वलन्त उदाहरण हो जैमिनीको जनसङ्ख्यामा आएको गिरावट। विसं २०७८ मा भएको राष्ट्रिय जनगणनाको तथ्याङ्कले यही उजागर गरेको छ।जैमिनीकै मुटु कुश्मीशेरामा रहेको शान्ति माध्यमिक विद्यालयको एसएलसी व्याच २०६४ का एक सय बढी विद्यार्थीमध्ये अधिकांशले कक्षा १२ उत्तिर्ण गरेपछि जैमिनी छाडेका जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा बताउनुहुन्छ । शान्ति माविमा जैमिनीका अधिकांश विद्यार्थीले अध्ययन गर्थे । उच्च शिक्षाका लागि घर छाडेर हिँडेकामध्ये धेरैजसो गाउँ फर्किएनन्। युरोप, अमेरिका र देशकै ठूला सहरमा पुगेकाहरू उतै बसेका उहाँले बताउनुभयो।

रोजगारीका अवसर गाउँमा नहुनु, कृषि पेसाले मात्रै गुजारा नचल्नुलगायतन कारणले नगरको जनसङ्ख्या घट्दो छ । राष्ट्रिय जनगणना २०७८ अनुसार जैमिनीमा दुई दशमलव ५३ प्रतिशत जनसङ्ख्या ऋणात्मक रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको जनसङ्ख्या ३२ हजार ४६ रहेकामा १० वर्षपछि २४ हजार छ सय २८ मा झरेको छ।

# लायन्स लेकसिटीमा सोवितमान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत




लायन्स क्लव अफ पोखरा लेकसिटीको वर्ष २०२३/२४ को लागि सोवितमान बुद्धाचार्य अध्यक्ष चुनिएका छन् ।

क्लवको निवर्तमान अध्यक्षमा कैलाश पालिखे, प्रथम उपाध्यक्षमा विद्या मर्सानी, द्धितीय उपाध्यक्षमा सत्यनारायण मण्डल, तृतीय उपाध्यक्षमा सूर्यप्रसाद श्रेष्ठ, सचिवमा सुदीप प्रधानाङ्ग, कोषाध्यक्षमा प्रेम शेरचन, सहसचिवमा राजेशमान बुद्धाचार्य, टेमरमा अरुण कायस्थ,खेल निर्देशका खेम गुरुङ,स्वास्थ्य निर्देशकमा इच्छामान बुद्धाचार्य,अन्तर र्राष्ट्रिय निर्देशकमा अनिल ताङ्वे,वातावरण निर्देशकमा बैकुष्ठ रञ्जित,शिक्षा निर्देशकमा नारायण शर्मा, संस्कृति निर्देशकमा लक्ष्मण श्रेष्ठ, एलसीआइएफ निर्देशकमा टेकमान प्रधानाङ्ग, मेम्बरसीप अध्यक्षमा सुशीन ताङ्वे, क्लब मार्केटिङ अध्यक्षमा दशरथमान बुद्धाचार्य रहेका छन्। क्लबका वर्तमान अध्यक्ष पिएमसीसी दीपक श्रेष्ठ,लायन्स इन्टरनेसलन ३२५ के का गभर्नर राजेन्द्रकुमार बाटाजू, निर्वाचन संयोजक तथा संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठ, पूर्वअध्यक्ष टोपबहादुर थापा, पूर्वअध्यक्ष तीर्थबहादुर बस्नेतलगायतले मन्तव्य राखेका छन्।

# हास्यविधा चलचित्र दर्शकको रोजाइमा

**राससः**
काठमाडौं, १५ चैत

हास्यव्यङ्ग्य विधालाई प्राथमिकता दिइएको नेपाली चलचित्रका चल्ने गरको छ। यो वर्ष सर्वाधिक कमाइ गर्ने तीन चलचित्र 'कबड्डी ४', 'छक्का पञ्जा ४' र 'महापुरुष' हास्य विधामा आधारित छन्। यीबाहेक दुई नम्बरी, के घर के डेरा र झिङ्गेदाउ पनि हास्य विधामै रहेको चलचित्र हो।

यसलाई हेर्दा नेपाली चलचित्रमा अहिले हास्यविधालाई दर्शकले रुचाएका छन् । निर्मातासमेत निर्धक्क भएर लगानी गरिरहेका छन् । 'कबड्डी ४' ले राम्रो व्यापार गरेर रेकर्ड नै बनाएको छ । यही कारण कुनै समय टेलिभिजनको पर्दामा टेलिचलचित्रमा देखिने अधिकांश कलाकार अहिले चलचित्रमा अभिनय, निर्माण, लेखन तथा निर्देशनमा व्यस्त छन् । किनकि कुनै समय सामान्य र छोटो भूमिकामा प्रस्तुत हुने हास्य कलाकारले अहिले मुख्य भूमिका पाएका छन् । तीतो-सत्य टेलिचलचित्रकी कलाकार दीपाश्री निरौलाले निर्देशन गर्नुभएको छक्का पञ्जाको तीनै 'सिरिज'ले राम्रो व्यापार गरिसकेको छ । यसले नेपाली चलचित्रको सफलतामा हास्यव्यङ्ग्यको भूमिका प्रमुख रहेको प्रस्टिन्छ।

"बक्सअफिसलाई हेर्दा समेत हास्यव्यङ्ग्य शैलीमा तयार गरिएको चलचित्रकै वर्चश्व देखिन्छ, बजारमा जे कुराको माग हुन्छ, अभाव पनि त्यसकै हुन्छ । सायद खुसी खोज्न दर्शक हलसम्म आउनुभएको हुनसक्छ", निर्देशक प्रदीप भट्टराई भन्नुहुन्छ । उहाँले निर्देशन गर्नुभएको चलचित्र जात्रा, शत्रु गते, जात्रै जात्रा र महापुरुषले पनि राम्रो् व्यापार गरेको छ । हास्यशैलीलाई कलात्मकरूपमा प्रस्तुत गर्ने भएकाले उहाँसँग चलचित्र निर्माणमा सहकार्य गर्ने चाहना धेरैको छ। उहाँले यो सफलतालाई परिवर्तनको रूपमा हेर्नुहुन्छ। "चलचित्रभित्र पहिला हास्यव्यङ्ग्य एउटा पाटोमात्र हुन्थ्यो । हास्यकलाकारको काम नै हसाउने हुन्थ्यो । तर अहिले हास्यकलाकारलाई मुख्य अभिनेता लिएर चलचित्र बनाउने सपना प्रायः निर्माताको छ", निर्देशक भट्टराईले भन्नुभयो, "यद्यपि हामी सचेत हुनुपर्छ। दर्शकले गरिरहनुभएको विश्वासलाई कम हुन दिनु हुँदैन। जति धेरैले चलचित्र हेर्नुहुन्छ, दायित्व उत्ति नै बढ्छ ।" हास्यकलाकार मनोज गजुरेलले हास्यव्यङ्ग्यलाई मनोरञ्जनको रूपमा मात्र नलिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले गर्ने व्यङ्ग्यको प्रभाव समाजमा पर्छ। त्यसैले ख्यालठट्टाका लागि मात्र सामग्री बनाउनु हुँदैन । व्यङ्ग्य नेपालको सम्पूर्ण अङ्ग हो । त्यसैले हामीले प्रस्तुत गर्ने प्रस्तुतिको महत्व छुट्टै छ ।" केही चलचित्रसँगै टेलीचलचित्रमा अभिनय गर्नुभएका हास्यकलाकार गजुरेलले हृदय हसाउने कोसिस गरिरहेको जानकारी दिनुभयो।

"बाहिरी हाँसो मात्र नभई भित्रीरूपमा असर गर्ने सामग्रीमा हामीले ध्यान दिनुपर्छ। चलचित्रमा दर्शकले देखाइरहनुभएको विश्वासलाई घट्न नदिई बढाउने दायित्व छ", हास्यकलाकार गजुरेलले भन्नुभयो। सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेले विकृतिलाई प्रहार गर्दै आम जनताको कुरालाई बाहिर ल्याउँदा हास्यव्यङ्ग्य रुचाइएको बताउनुभयो । "चलचित्र होस् वा प्रहसन त्यहाँ जनताको मनको कुरा भनिएको आभास भएकै कारण रुचाइएको हुनुपर्छ। विकृतिलाई गरिएको व्यङ्ग्य कलाकात्मक रूपमा प्रस्तुत गरेकाले नै फस्टाएको हो", अध्यक्ष गाम्नागेले भन्नुभयो । आफू र संस्थाले हास्यव्यङ्ग्यलाई सभ्य र शालिन बनाउँदै सामाजिक रुपान्तरणमा योगदान गर्ने बाटोमा रहेको उहाँले बताउनुभयो।

निर्देशक भट्टराईले हास्य व्यङ्ग्य विधामा चलचित्र बनाइरहनुभएकाहरू अझै मेहनती हुनुपर्ने बताउनुभयो । "हामी हौसिएका छौँ, चलचित्र उद्योग नै हौसिएको छ। यसले चुनौती थपेको छ", उहाँले भन्नुभयो, "टेलिचलचित्र अहिले निकै कम छन् । कुनै समय हरेक दिन हास्यविधामा निर्मित टेलिचलचित्र प्रसारण भएका थिए । जसलाई हेर्न दर्शक घरमा फुर्सद निकालेर बस्ने गरेका थिए। अहिले सानो पर्दामा आएको अवस्था ठूलो पर्दामा आउन दिनुहुँदैन।" उहाँले विषयवस्तु चयन, प्रस्तुतिकरण, कलाकारको छनोटलगायतका विषयमा विशेष ध्यान दिइरहेको बताउनुभयो । टेलिचलचित्रकै माध्यमले आफूलाई स्थापित गर्न सफल मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, दीपकराज गिरी, दीपाश्री निरौला, जीतु नेपाल, केदार घिमिरेलगायतका कलाकार अहिले चलचित्रमा सफल हुनुहुन्छ । उहाँहरूले काम गरेका चलचित्रले मुनाफा दिनुका साथै व्यापारमा रेकर्डसमेत बनाउन सफल भएका छन्।


# नेकपा (एस) उपाध्यक्ष भुसालको नेतृत्वमा सरकारमा जाने

**राससः**
काठमाडौं, १५ चैत

नेकपा (एकीकृत समाजवादी) ले पार्टीका उपाध्यक्ष डा बेदुराम भुसालको नेतृत्वमा उपमहासचिव प्रकाश ज्वालालाई सरकारमा पठाउने भएको छ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा केन्द्रीय कार्यालयमा बुधबार बसेको सचिवालय बैठकले सो निर्णय गरेको हो। पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बैठकमा सरकारमा पार्टीको सहभागिताको सम्बन्धमा छलफल गरिएको र उपाध्यक्ष भुसालको नेतृत्वमा सरकारमा जाने निर्णय भएको जानकारी दिनुभयो । उहाँकानुसार पार्टीले तीन मन्त्रालयको दाबी गरेकालेअर्को मन्त्रालयका लागि पनि पहल गर्नेछ।

यसअघि पार्टीले सरकारमा पठाउने नेताको नाम छनोट गर्न गठित कार्यदलले सम्पूर्ण कार्य सम्पन्न गरेपछि अन्तिम प्रस्ताव सचिवालयको बैठकमा पेश गरिएको थियो।

पार्टी अध्यक्ष नेपालले सरकारमा पार्टीको संलग्नताका विषयलाई लिएर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग बुधबार साँझ छलफल गर्ने जनाइएको छ।

# पर्वतमा दीर्घरोगी राहतबाट बञ्चित

**पोखरापत्र संवाददाता**
पर्वत, १५ चैत

सरकारले दीर्घरोगीलाई रु पाँच हजार राहत दिने निर्णय गरेको भए पनि पाउन सकेका छैनन् । मासिक उपलब्ध गराउने राहत रकम नपाउँदा लाभग्राही निराश बनेका छन् ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७८ भदौ २५ गते दीर्घरोगीलाई मासिकरूपमा रु पाँच हजार रकम दिने निर्णय गरेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले २०७८ चैत २८ गते परिपत्र गर्दै कार्यविधि सबै स्थानीय तहलाई पठाएको थियो । सरकारले बजेटमै समावेश गरेर सो निर्णय गरेको भए पनि स्थानीय तहले त्यसलाई कार्यान्वयन नगर्दा दीर्घरोगी उक्त सुविधाबाट बञ्चित छन् । मिर्गौला प्रत्यारोपण गरेका, सबै प्रकारका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधोउपचार खर्च दिने सरकारको घोषणा पनि अझै कार्यान्वयनमा आउन सकेको छैन । स्थानीय तहमार्फत प्रक्रिया पूरा गरेका बिरामीले गत साउनबाटै रकम पाउनुपर्ने भए पनि पर्वतको पैयुँ गाउँपालिकाबाहेक अन्य स्थानीय तहले वितरण गरेका छैनन् । पर्वतमा दुई नगरपालिका र पाँच गाउँपालिका छन् । अधिकांश पालिकाले बजेट अभावका कारण राहत रकम वितरण नगरेको जनाएका छन् । कुश्मा नगरपालिकाले दीर्घरोगीको अभिलेख सङ्कलन गरे पनि बजेट उपलब्ध गराउन नसकेको जनाएको छ । कुश्मा नगरपालिकाका स्वास्थ्य शाखा संयोजक यामप्रसाद शर्माले केन्द्रबाट रकम नआएसम्म मासिक रु पाँच हजार उपचार खर्च वितरण गर्न नसकिने बताउनुभयो । "दीर्घरोगीको अभिलेख सङ्कलन भइसकेको छ, कुश्मामा दुई सयभन्दा बढी बिरामी छन्", उहाँले भन्नुभयो, "हामीले आफ्नो स्रोतबाट नभ्याउने हुँदा कार्यान्वयन गर्न सकिएको छैन ।" उहाँले कुश्मा नगरपालिकाले मात्र नभई पर्वतका अन्य पालिकाले पनि दीर्घरोगीलाई रकम वितरण नगरेको बताउनुभयो । फलेवास नगरपालिकालेदीर्घरोगीकोविवरण सङ्कलन गरे पनि रकम उपलब्ध गराएको छैन । नगरपालिकाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा विवरण पठाए पनि रकम नआएका कारण उपलब्ध गराउन नसकेको नगरपालिकाका स्वास्थ्य शाखा अधिकृत सापकोटाले बताउनुभयो । पैयुँ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख देवीप्रसाद भुर्तेलका अनुसार पैयुँले दीर्घरोगीलाई रु पाँच हजारका दरले रकम उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाले गत असोज १ गतेदेखि रकम उपलब्ध गराउन थालेको हो । पैयुँमा २० दीर्घरोगी छन् । उनीहरूले मासिक रकम पाउन थालेका छन् ।

गाउँपालिकाले आन्तरिकरूपमा शोधभर्ना हुने गरी रकम उपलब्ध गराउँदै आएको छ । पैयुँले गम्भीर रोग लागेका नागरिकको उपचारमा समेत सहयोग गर्दै आएको भुर्तेलले बताउनुभयो । गाउँपालिकाले स्थायीरूपमा बसोबास गर्दै आएका मुटु, मिर्गौला, क्यान्सर र पक्षघात (प्यारालाइसिस)का बिरामीलाई पालिकाभन्दा बाहिरी स्वास्थ्य संस्थामा उपचार वा जाँच गराएको हकमा रु १० हजार दिने निर्णय गरेको छ ।

# रकम भुक्तानी नहुँदा स्वास्थ्य सुविधाबाट बञ्चित

**पोखरापत्र संवाददाता**
गलकोट, १५ चैत

निसीखोला गाउँपालिकाले स्वास्थ्य बीमा रकम भुक्तानी नगर्दा यहाँका बासिन्दा स्वास्थ्य सेवाबाट बञ्चित भएका छन् ।

गाउँपालिकाले नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा दिने उद्देश्यले एक हजार आठ सय ३८ जनाको फागुन महिनादेखि लागू हुने गरी स्वास्थ्य बीमा गरे पनि गाउँपालिकाले समयमै भुक्तानी नगर्दा समस्या भएको हो । निसीखोला-१ किटेनीका वीरबहादुर विक गत फागुन २५ गते जाँचका लागि बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र पुग्नुभयो । गाउँपालिकाले फागुनदेखि लागू हुन्छ भनेर दिएको स्वास्थ्य बीमा परिचयपत्र साथमै बोकेर गएका विकलाई स्वास्थ्य केन्द्रले बीमा योजना लागू नभएको भन्दै पूर्ण शुल्क तिरेमात्र उपचार हुने बतायो । उहाँले उपचारका क्रममा लागेको सम्पूर्ण रकम तिरेर घर फर्कनुभयो । विक मात्र होइन, यतिबेला निसीखोलाले फागुनदेखि लागू हुने गरी बीमा गरेका स्थानीय सुविधाबाट बञ्चित छन् । गाउँपालिकाले बीमा गरिदिए पनि रकम समयमै भुक्तानी नगरेका कारण उनीहरू सेवाबाट बञ्चित भएका हुन् । गत असारमा सम्पन्न दशौँ गाउँसभाले गाउँपालिकाका सम्पूर्ण नागरिकको निःशुल्क स्वास्थ्य बीमा गर्ने घोषणा गरेको थियो । सोहीअनुसार गाउँपालिकाले पाँच हजार चार सय परिवारका लागि राजस्व बाँडफाँटबाट रु दुई करोड विनियोजन गरेको थियो । पहिलो चरणमा नौ हजार एक सय ८५ जनाको स्वास्थ्य बीमा गर्ने गरी विवरण सङ्कलन गरिएको थियो । गाउँपालिकाले हालसम्म पहिलो चरणको रु ६४ लाख बीमा रकम भुक्तानी गर्न नसक्दा बीमा गरेका नागरिक पनि सुविधाबाट बञ्चित भएका हुन् । सङ्घ, प्रदेश र पालिकाको आन्तरिक स्रोतको राजस्व बाँडफाँटबाट नागरिकको बीमा गर्ने निर्णय गरे पनि सङ्घ र प्रदेशबाट समयमै बजेट नआउँदा रकम भुक्तानी गर्न नसकिएको गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले बताउनुभयो । गाउँपालिकाले असोज, कात्तिक र मङ्सिरमा रकम भुक्तानी गरेको भए फागुन १ गतेदेखि नागरिकले बीमाको सेवा लिन पाउने थिए ।

सङ्घीय सरकारबाट केही दिन अघि रु ५५ लाख प्राप्त भएको र चाँडै रु एक करोड भुक्तानी गर्ने तयारीमा रहेको गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत दिलीपकुमार चन्दले बताउनुभयो ।

# नेपाल-भारत सीमा समन्वय बैठक

**रासस**
काठमाडौं, १५ चैत

नेपाल-भारत सीमा समन्वय बैठक भारतको नौतनवामा रहेको ६६औँ गण एसएसबी क्याम्प कार्यालय महाराजगञ्जमा मङ्गलबार सम्पन्न भएको छ ।

बैठकमा सीमामा शान्तिसुरक्षा, एकीकृत जाँचचौकी (आइसिपी) निर्माण, दशगजा क्षेत्रमा रहेका सीमा स्तम्भको नियमित मर्मत, मानव बेचबिखन, लागुऔषध तथा अन्य वस्तुको तस्करी नियन्त्रण लगायतका विषयमा छलफल भएको रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्यालले बताउनुभयो । उहाँले दुई देशबीच व्यापारको दृष्टिकोणले महत्वपूर्ण रहेको आइसिपी निर्माणमा देखिएको अस्पष्टता विषयमा बैठक केन्द्रित रहेको बताउनुभयो । बेलहियामा निर्माणको क्रममा रहेको आइसिपीको ठेक्का प्रक्रिया सकिएको र केही दिनमै शिलान्यासको तयारी रहेको छ । यसका साथै बैठकमा भारतमा हुने आगामी नगरपालिकाका निकायको निर्वाचनमा नेपालको सहयोग विषयमा पनि छलफल भएको भारत महाराजगञ्जका प्रमुख जिल्ला अधिकारी सत्येन्द्र कुमारले जानकारी दिनुभयो । नगरपालिकाको निर्वाचनलाई मध्यनजर गर्दै सीमामा थप सतर्कता अपनाउन नेपाली पक्षसँग आग्रह गरेको र नेपाल प्रशासनले पूर्ण सहयोग गर्ने आश्वासन दिएको उहाँले बताउनुभयो ।

# दुई दशकपछि घैलाघारी तालको खोजी गरिँदै

**रासस**
चीतवन, १५ चैत

विगत दुई दशकअघि राप्ती नदीमा आएको बाढीका कारण पुरिएको घौलाघारी तालको खोजी सुरु गरिएको छ ।

बाढीका कारण पुरिएर गेग्रेनमा परिणत बनेको तालको भरतपुर महानगरपालिका-२३ ले खोजी र संरक्षणकार्य सुरु गरेको हो ।

विसं २०५९ मा आएको बाढीका कारण पश्चिम चितवनको पर्यटकीय क्षेत्रका रूपमा रहेको यो ताल पुरिएको थियो । ताल पुरिएसँगै स्थानीय र सरोकारवालाको यसतर्फ ध्यान जानसकेको थिएन । अहिले तालको पुनःनिर्माणका लागि वडा कार्यालयले गुरुयोजना निर्माणको काम सुरु गरेको वडाध्यक्ष दीपक दबाडीले बताउनुभयो । परापूर्वकालदेखि धार्मिक आस्थाका रूपमा रहेको ताल बाढीले पुरेसँगै संरक्षणको पर्खाइमा रहेको थियो ।

सो ताल पुनःनिर्माणका लागि चालु आर्थिक वर्षमा रु ५५ लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक श्रद्धाञ्जली**



जन्म : १९९५/०७/१६

जन्म : १९९५/०७/१६

**स्व. देव कुमारी गुरुङ**

यस **B13** हङकङका पूर्व अध्यक्ष श्री चिनकाजी गुरुङका माता एवं श्रीमती कृष्ण कुमारी गुरुङकी सासुआमा **देव कुमारी गुरुङ** को ८५ वर्षको उमेरमा भएको असामयीक निधनले हामी **B13** परिवारलाई मर्माहत एवं स्तब्ध बनाएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**रोशन गुरुङ**
**अध्यक्ष तथा**
**B13 हङकङ परिवार**